# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाली सेनाको नाममा आयात हुने अमेरिकी डलर ९,५७,०००.०० (नौ लाख सन्ताउन्न हजार) मूल्य बराबरको तीन लाख मिटर Camouflage Fabric पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय मिति २०८०।०२।२६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संयुक्त राष्ट्र सङ्घको आह्वानमा शान्ति स्थापना कार्यको लागि MONUSCO र UNIFIL मिशनमा तैनाथ हुने नेपाली सेनाको फौजलाई निःशुल्क वितरण गर्नको निमित्त United Nations Global Service Centre (UNGSC), Brindisi, Italy बाट नेपाली सेनाको नाममा आयात हुने अमेरिकी डलर २६,६८१.३१(छबिस हजार छ सय एकासी सेन्ट एकतीस) मूल्य बराबरको UN Accouterments सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर र अन्य शुल्क पूर्ण छुट दिने निर्णय मिति २०८०।०३।२२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाली सेनाको नाममा आयात हुने पहिलो र दोस्रो लट गरी कुल भारतीय रुपैयाँ ३,५९,८७,५२०.०० (तीन करोड उनान्साठी लाख सतासी हजार पाँच सय बिस) मूल्य बराबरको Black Leather Boot, Qty 19,200 Pairs पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय मिति २०८०।०३।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाली सेनाको नाममा आयात हुने अमेरिकी डलर ७,६४,२४७.०० (सात लाख चौसठ्ठी हजार दुई सय सतचालिस) मूल्य बराबरको Various Raw Materials for Emulsion Explosives Production, Qty-Various पैठारी गर्दा लाग्ने मूल्य अभिवृद्धि कर छुट दिने निर्णय मिति २०८०।०३।२७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी अष्ट्रेलियाको क्यानवेरास्थित National Gallery of Australia पुगेका मूर्ति नेपालको भएकोले उक्त ग्यालरीले अष्ट्रेलियाको क्यानवेरास्थित नेपाली राजदुतावासलाई हस्तान्तरण गरिसकेको र नेपाली



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजदुतावासले आवश्यक प्रक्रिया पूरा गरी पुरातत्त्व विभागले बुझिलिने गरी फिर्ता ल्याउन लागिएका चार थान काठको मूर्ति (भैरवका मूर्ति तीन थान र बासुदेव कमलाजको मूर्ति एक थान) पैठारी गर्दा लाग्ने पैठारी महसुल पूर्ण छुट दिने निर्णय मिति २०८०।०३।२८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संयुक्त राष्ट्र सङ्घको आह्वानमा शान्ति स्थापनार्थ तैनाथ हुन जाने विभिन्न मिसनहरुमा प्रयोग गर्ने अमेरिकी डलर २,०१,०००.०० (दुई लाख एक हजार) मूल्य बराबरको नेपाली सेनाको नाममा आयात हुने Fork Lift Rough Terrain Upto 5 Ton, Qty-3 and Fork Lift Rough Terrain Over 5 Ton, Qty-3 गरी जम्मा छ थान पैठारी गर्दा भन्सार विन्दुमा लाग्ने महसुल पूर्ण छुट दिने निर्णय मिति २०८०।०३।२९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संयुक्त राष्ट्र सङ्घको आह्वानमा शान्ति स्थापनार्थ तैनाथ हुन जाने युनिटहरुको लागि आवश्यक नेपाली सेनाको नाममा आयात हुने भारतीय रुपैयाँ २,०२,३५,७२२.०० (दुई करोड दुई लाख पैंतीस हजार सात सय बाईस) मूल्य बराबरको Sea Container (ISO 20 Feet), Qty- 46



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Unit सामग्री पैठारी गर्दा लाग्ने शुल्क, दस्तुर, महसुल पूर्ण छुट दिने निर्णय मिति २०८०।०३।३१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**डा. अर्जुन कुमार खड्का**
**सहसचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।